# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१२/०१

पत्र संख्याः२०७५/०७६

चलानी नम्बर ...............

**वस्तूगत विवरण सहितको आवधिक नगर विकास योजना तर्जूमा, गरिबी नक्शांकन र श्रोत नक्शा निर्माण कार्यका लागि प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०७५/१२/०१)**

आठविसकोट नगरपालिकाबाट आवधिक नगर विकास योजना तर्जूमाका लागि स्वीकृत मार्गदर्शन र कार्य विवरण अनूसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र आवधिक नगर विकास योजना तर्जूमा मार्गदर्शन, २०७५ ले गरेको ब्यवस्था बमोजिम यस कार्यालयको अगुवाइमा नगर विकास साझेदार तथा सरोकारवालाहरु समेतको सकृय सहभागिता र विषय क्षेत्रका योग्य एवं अनूभवी परामर्शदाताको सहयोगमा सहभागितामूलक तरिकाबाट राष्ट्रिय योजना, बिषयगत योजनाको लक्ष्य, नगर विकास अवधारणा, बिषयगत गूरुयोजना समेतमा आधारित भई राष्ट्रिय योजना आयोग, बिषयगत मन्त्रालयहरु तथा विकास साझेदारहरुबाट प्राप्त नीति निर्देशन एवं सूझाव समेतलाई दृष्टिगत गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, जलवायू परिवर्तन, वातावरण संरक्षण, विपद् ब्यबस्थापन, फोहोरमैला ब्यबस्थापन, बालबालिका पोषण, बालमैत्री, वातावरण मैत्री, सामाजिक सद्भाव, लैंगिक समानता तथा सामाजिक समावेशिकरण र सूशासन जस्ता समसामयिक विषयगत क्षेत्रलाई समेटी आगामी ५ वर्षको लागी यस नगरपालिकाको वस्तूगत विवरण सहित आवधिक नगर विकास योजना तर्जूमा, गरिबी नक्शांकन र श्रोत नक्शा निर्माण गर्न लागिएकोले सम्बन्धित बिषयगत क्षेत्रमा अनूभव तथा पेशागत दक्षता भएका इच्छूक ब्यवसायिक फर्म/परामर्शदाता संस्थाबाट तोकिएको ढाँचामा आशय–पत्र पेश गर्न भनि मिति २०७५/११/०५ गते प्रकाशित सूचना अनुसार तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका आशयदाताका आशयपत्रहरु मिति २०७५/१२/०१ गते खोली मूल्यांकन समितिमा पेश भई मूल्यांकन हुँदा तपसिलमा उल्लेखित आशयपत्रहरु आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्न योग्य भई सूचीकृत गरिएको हुँदा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

प्रकाशित सूचना अनुसार उल्लेखित परामर्शदाताहरुले सूचना प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समयभित्र आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी पेश गर्नुहुन हुन अनुरोध छ । साथै प्रस्तावदाताले मिति २०७५/११/०५ गते प्रकाशित आशयको सूचना, कार्यशर्तगत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१२/०१

पत्र संख्याः२०७५/०७६

चलानी नम्बर ...............

विवरण (TOR) र आशयपत्रमा उल्लेखित शर्त एवम् ढाँचा नगरपालिकाको वेवसाइट www.aathbiskotmun.gov.np बाट डाउनलोड गर्न सक्नेछन् ।

तपसिल

| क्र.स. | सूचीकृत भएका आशयदाताको विवरण | परामर्श सेवाको विवरण | कैफियत |
|---|---|---|---|
| १. | GOEC Nepal (P.) Ltd, (GOEC, Consmopolition Consultant an Technical Education Center P.Ltd. & Next Consult P.Ltd(Next) (GOEC-CETEC-Next JV)- Kathmandu | वस्तूगत विवरण सहितको आवधिक नगर विकास योजना तर्जूमा, गरिबी नक्शांकन र श्रोत नक्शा निर्माण | |
| २. | Human Resource Development Center (HURDEC) Pvt.Ltd. and Concern Center for Rural Youth Nepal, (JV) RUKUM | | |
| ३. | Transformation Nepal (TFN), Bhaktapur | | |

थप जानकारीको लागि मोवाईल नं. ९७४१३८९९६१ ९८४९२८१०९७ ,९७४८५८३१३८ , मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत